# विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यान्वयन कार्यविधि, २०८३

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

**प्रस्तावनाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वय ऐन, २०७६ को दफा ६५(४) ले दिएको अधिकार प्रयोग गरी विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक अनुदान कार्यक्रम कार्यान्वयनलाई सहजीकरण गर्न, नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ र आर्थिक वर्ष २०८३/८४ को असार मसान्तसम्म कायम रहनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"कार्यक्रम"** भन्नाले मन्त्रालयको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको क्रियाकलाप नं. २.७.२३.२ अन्तर्गत **विज्ञान, प्रविधि तथा नवप्रवर्तनका विविध विधामा मन्त्रालयले तोकेका प्राथमिकताका क्षेत्रमा अनुसन्धान अनुदान कार्यक्रम सञ्चालन** लाई सम्झनुपर्दछ।

(ख) **"छनोट समिति"** भन्नाले यस कार्यविधिको दफा ८ बमोजिमको छनोट समिति सम्झनु पर्दछ।

(ग) **"प्रस्तावक"** भन्नाले विज्ञान प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा अनुसन्धान तथा नवप्रवर्तनमा कार्यहरु गर्ने वा प्रविधि विकास तथा नवप्रवर्तन गर्ने समूह वा निजी क्षेत्र, विश्वविद्यालय, सरकारी तथा गैरसरकारी अनुसन्धान संस्थालाई सम्झनुपर्दछ।

(घ) **"प्रस्ताव"** भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा नयाँ अनुसन्धान सोंच वा अनुसन्धान वा प्रविधि विकास वा नवप्रवर्तन सम्बन्धी कार्यको निरन्तरता आवश्यक भएका अनुसन्धान कार्यलाई सम्झनुपर्दछ ।

(ङ) **"मन्त्रालय"** भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सम्झनुपर्दछ।

(च) **"समूह"** भन्नाले अनुसन्धान तथा नवप्रवर्तन गर्न दुई वा दुई भन्दा बढी व्यक्तिहरुको समूहलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## उद्देश्य तथा क्षेत्र पहिचान

**३. उद्देश्यः** यस कार्यविधि कार्यान्वयनका प्रमुख उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) मन्त्रालयले तोकेका प्राथमिकताका क्षेत्रमा देखिएका समस्या, सम्भावना र अवसर पहिचान गरी प्रविधि विकास वा नवप्रवर्तनमा अनुसन्धान गर्नु ,

(ख) विज्ञान तथा प्रविधिको क्षेत्रमा नवप्रवर्तन, नवीनतम प्रविधि, वस्तु तथा सेवाको विकास र त्यसको बजारीकरण तथा उपयोग गर्नु,

(ग) विभिन्न क्षेत्र वा मन्त्रालयले तोकेका प्राथमिकताका क्षेत्रमा उच्च नतिजामूलक गुणस्तरीय अनुसन्धान, विद्यमान ज्ञानको महत्तम वा परिष्कृत प्रयोग गर्नु,

(घ) अनुसन्धानका उपलब्धिलाई सामाजिक समस्या समाधान र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नका लागि उपयोग गर्नु,

नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(ङ) अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनबाट विकसित ज्ञान, वस्तु, सेवालाई उत्पादनसँग जोड्न तथा विज्ञान प्रविधिको क्षेत्रमा संलग्न जनशक्तिलाई उचित उपयोगको वातावरण बनाउनु,

(च) विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी अनुसन्धान तथा अर्थतन्त्रमा समुचित उपयोगका लागि पारिस्थितिकीय प्रणाली विकास गर्नु,

४. **क्षेत्र पहिचान गर्ने:** मन्त्रालयले यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने प्रस्तावलाई प्रभावकारी बनाउन अनुसूची-१ मा सूचीकृत गरिएका कार्यक्रमका क्षेत्रलाई प्राथमिकताका क्षेत्रको रुपमा पहिचान गर्नेछ।

तर, यस दफामा उल्लेख भएका कार्यक्रमका क्षेत्र बाहेक पनि विज्ञान प्रविधि तथा नवप्रवर्तनका साथै सामाजिक समस्या समाधान र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम, नविन प्रविधि विकास र विस्तार सम्बन्धी अन्य क्षेत्रहरुसँग सम्बन्धित दफा ५ बमोजिमको प्रस्ताव पेश गर्न यस दफाले बाधा पारेको मानिनेछैन।

## परिच्छेद-३

## प्रस्ताव, शर्त, प्रस्ताव छनोट तथा स्वीकृति

५. **प्रस्तावको माग:** (१) मन्त्रालयले दफा ४ बमोजिम प्राथमिकताका क्षेत्रमा रही अनुदान प्रदान गरिने अनुसन्धान प्रस्तावका सम्बन्धमा अनुसूची-२ बमोजिमको सार्वजनिक सूचना जारी गर्नेछ।

(२) सूचना जारी भएको १५ दिनभित्र अनुसुची-३ बमोजिमको ढाँचामा प्रस्तावकले प्रस्ताव पेश गर्नुपर्नेछ।

(३) निर्धारित समयावधिभित्र कुनै पनि प्रस्ताव पेश नभएमा वा २० वटा भन्दा कम प्रस्ताव पेश भएको अवस्थामा मन्त्रालयले ७ दिनको समय थप गरी एक पटक पुनः प्रस्ताव पेश गर्ने सूचना प्रकाशन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम मन्त्रालयले माग गरेको प्रस्तावमा विज्ञान, प्रविधि विकास तथा नवप्रवर्तन गर्ने उद्देश्यले प्रचलित कानुनबमोजिम स्थापना भएका सरकारी, निजी, सार्वजनिक तथा गैरसरकारी संस्था वा समूह प्रस्तावक हुन सक्नेछ।

(५) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त प्रस्ताव पेश गर्दा देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछः-

(क) सहकार्य गर्ने संस्थाहरु बीच प्रस्तावसँग सम्बन्धित सहकार्यका लागि द्विपक्षीय वा बहुपक्षीय समझदारी पत्र,

(ख) संस्थाको हकमा प्रचलित कानुन बमोजिमको दर्ता तथा नविकरण सम्बन्धी कागजात,

(ग) करचुक्ताको प्रमाणपत्र।

(६) लागत साझेदारी गर्ने प्रस्तावक वा स्थानीय ज्ञान र सीपमा आधारित अनुसन्धान, सोसँग सम्बन्धित प्रविधि विकास र नवप्रवर्तन सम्बन्धी प्रस्तावकलाई प्राथमिकता दिन सकिनेछ।

तर, प्रस्तावक संस्थाको नियमित खर्चमा समावेश हुने रकमलाई यस कार्यविधि बमोजिम लागत साझेदारी मानिनेछैन।

(७) समूहबाट पेश हुने प्रस्तावको हकमा प्रस्तावक समूहले समूहका सदस्यहरु बीच प्रस्तावसँग सम्बन्धित सहकार्यका लागि क्रियाकलापगत स्पष्ट बाँडफाँट सहितको समझदारी पत्र पेश गर्नुपर्नेछ।

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

६. **प्रस्तावकले पूरा गर्नुपर्ने शर्तः** प्रस्तावकले प्रस्ताव पेश गर्दा देहाय बमोजिमको शर्त पूरा गरेको हुनु पर्नेछः-

(क) अनूसुची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने,

(ख) निकाय/संस्थाको हकमा दर्ता, नविकरण तथा अघिल्लो वर्षको कर चुक्ताको विवरण संलग्न गर्नुपर्ने, (समूहको हकमा सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी भए पुग्ने)

(ग) जनशक्ति योजना संलग्न गरेको हुनुपर्ने (प्रस्तावसँग सम्बन्धित मात्र),

(घ) अनुसूची-४ बमोजिमको ढाँचामा लागत अनुमान पेश गर्नुपर्ने,

(ङ) अनुसन्धानको संयुक्त प्रस्तावको हकमा साझेदार संस्थाहरु बीच अनुसन्धानका कार्य अन्तर्गत क्रियाकलापगत स्पष्ट बाँडफाँट सहित पेश गर्नुपर्ने,

(च) प्रमुख तथा सहायक क्रियाकलापहरुको कार्य सम्पादन हुने विस्तृत समयसारणी सहितको सम्भावित कार्यसम्पन्न समयसीमा (Gantt Chart) को ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने,

(छ) अनुसन्धान नतिजाको उपयोगिता, व्यावसायीकरण, उद्यमशिलताको विकास र बजारीकरणको सम्भावनाको विवरण पेश गर्नुपर्ने ।

७. **प्रस्तावको छनोट तथा स्वीकृतिः** (१) छनोट समितिले शर्त पूरा भई प्राप्त हुन आएका प्रस्तावलाई अनुसूची-५ बमोजिम मूल्याङ्कन गर्न वा आवश्यकताका आधारमा प्रस्तावको प्राविधिक तथा लागत अनुमानमा आवश्यक परिमार्जन गर्न सुझाव दिई पुनः मूल्याङ्कन गरी आवश्यकतानुसार प्रस्तावकलाई प्रस्तावको सम्बन्धमा प्रस्तुतीकरण गराउन सक्नेछ।

(२) पेश भएका प्रस्तावका सम्बन्धमा विश्वविद्यालय अनुदान आयोग लगायत अन्य सरकारी निकायबाट दोहोरोपन नपर्ने सुनिश्चित गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएका प्रस्ताव मूल्याङ्कन गरी प्रस्ताव सिफारिस योग्य भएको वा नभएको छनोट समितिले विस्तृत बेहोरा खुलाई स्वीकृत वा अस्वीकृत गर्न मन्त्रालयमा पेश गर्नेछ।

(४) मन्त्रालयले उपदफा (३) बमोजिम स्वीकृत भएका प्रस्तावसँग सम्बन्धित प्रस्तावकलाई आधिकारिक रुपमा इमेल वा अन्य सञ्चारको माध्यमबाट जानकारी गराउनुपर्नेछ ।अस्वीकृत भएका प्रस्तावको हकमा प्रस्तावकबाट माग भएमा ७ दिनभित्र जानकारी गराउनुपर्नेछ।

(५) छनोट भएका प्रस्तावकसँग मन्त्रालयले अनुसुची-६ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

## परिच्छेद-४
## छनोट समिति

८. **छनोट समितिः** (१) प्रस्तावको छनोट गरी अपेक्षित लक्ष्य हासिल गर्न मन्त्रालयमा देहाय बमोजिको एक छनोट समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सहसचिव, विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन महाशाखा, मन्त्रालय | - संयोजक |
| (ख) | विषयसँग सम्बन्धित फरक फरक विधाका विज्ञ ५ जना | - सदस्य |
| (ग) | प्रमुख, वैज्ञानिक अनुसन्धान शाखा, मन्त्रालय | - सदस्य-सचिव |

नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(२) मन्त्रालयले उपदफा (१) को खण्ड (ख) बमोजिमको विज्ञ प्रतिनिधि मनोनयनको लागि मन्त्रालयलको डिजिटल पोर्टल वा रोस्टरमा सूचीकृत विज्ञहरु मध्येबाट विषयक्षेत्रका आधारमा छनौट गर्नेछ। पोर्टल वा रोष्टरमा विषयसँग सम्बन्धित उपयुक्त विज्ञ उपलब्ध नभएको अवस्थामा मन्त्रालयले विश्वविद्यालय वा अन्य विज्ञान प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित कार्य गर्ने संस्थाहरु वा नेपाल सरकारको सम्बन्धित निकायमा विज्ञ माग गर्न सक्नेछ।

(३) समितिले आवश्यकताको आधारमा सम्बन्धित बिषय विज्ञलाई प्रस्ताव समिक्षाको लागि पठाउने छ।

(४) स्वार्थको द्वन्द्व भएका व्यक्तिहरु प्रस्ताव छनौट समितिको सदस्य हुन पाउनेछैन ।

<u>९. छनोट समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> (१) छनोट समितिको बैठक संयोजकले निर्धारण गरेको मिति, समय र स्थानमा बस्नेछ।

(२) छनोट समितिको बैठक आवश्यकता अनुसार भौतिकरुपमा अथवा अनलाईन बस्नेछ।

(३) छनोट समितिको बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) छनोट समितिको संयोजक सहित कम्तीमा पचास प्रतिशत भन्दा बढि सदस्यको उपस्थिति भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(ख) छनोट समितिको बैठकको निर्णय सर्वसम्मत हुनेछ र कुनै कारणले सर्वसम्मत हुन नसकेमा संयोजक सहितको उपस्थित सदस्यको बहुमतको निर्णय यस समितिको निर्णय हुनेछ।

(४) छनोट समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित निकायका विषय विज्ञ, प्राध्यापक, शिक्षकमध्येबाट बढीमा तीन जना आमन्त्रण गर्न सकिनेछ।

(५) छनोट समितिको सदस्य तथा आमन्त्रितलाई मन्त्रालयले प्रचलित नियमानुसारको बैठक भत्ता उपलब्ध गराउन सक्नेछ।

(६) छनोट समितिको बैठकसम्बन्धी अन्य व्यवस्था यसै छनोट समितिद्वारा निर्धारण भए बमोजिम हुनेछ।

## परिच्छेद-५
## <u>प्रस्तावकको दायित्व तथा अनुदानको सीमा</u>

<u>१०. अनुदान प्राप्त गर्ने प्रस्तावकको दायित्वः</u> अनुदान प्राप्त गर्ने प्रस्तावकको दायित्व देहाय बमोजिम रहनेछः-

(क) छनोट भएको प्रस्तावको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्ने,

(ख) प्रस्ताव कार्यान्वयनको क्रममा मन्त्रालयबाट जुनसुकै समयमा हुने अनुगमनमा सहयोग गर्नु पर्ने,

(ग) सम्झौता बमोजिमको कार्यमा निर्धारण गरिएका क्रियाकलापहरुका सूचकहरुको प्रगति सम्बन्धमा प्रत्येक तीन महिनामा प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्ने,

(घ) सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि मन्त्रालयसँग सम्झौता गरेको संस्थाको हकमा सम्बन्धित निकाय वा संस्थाको प्रमुखको संयोजकत्वमा अनुसन्धानकर्मी सहितको बैठक बसी प्रतिवेदनलाई अन्तिम रुप दिइएको व्यहोराको माइन्युट साथ दुई प्रति अनुसूची-६ बमोजिमको ढाँचामा अन्तिम प्रतिवेदनको हार्ड कपी तथा सोको सफ्ट कपी समेत मन्त्रालयलाई ढिलोमा जेष्ठ

नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

१५ गते भित्र उपलब्ध गराउनु पर्ने, (व्यक्तिगत समूहको हकमा माइन्यूट अनिवार्य हुनेछैन।)

(ङ) मन्त्रालयले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ।

११. **अनुदान रकमको सीमाः** मन्त्रालयले एक आर्थिक वर्षमा एक प्रस्तावकलाई निजले पेश गरेको प्रस्ताव पूर्ण रुपमा कार्यान्वयनका लागि बढीमा दश लाख रुपैयासम्म अनुदान प्रदान गर्न सक्नेछ ।

## परिच्छेद-६

## अनुदानको भुक्तानी तथा अनुगमन

१२. **अनुदान रकम भुक्तानी दिनेः** (१) मन्त्रालयबाट स्वीकृत भएका प्रस्तावका प्रस्तावकसँग मन्त्रालयले अनुदान भुक्तानी गरिने शर्तसहितको कार्यान्वयन सम्झौता गर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम सम्झौताको अधीनमा रही एक आर्थिक वर्षमा तीन किस्तामा सम्बन्धित प्रस्तावकको बैङ्क खातामा देहाय बमोजिम रकम निकासा गर्ने व्यवस्था मिलाउनेछः-

(क) सम्झौता भई कार्य प्रारम्भ भएको विवरण प्राप्त भएको पन्ध्र दिनभित्र सम्झौताको चालीस प्रतिशतले हुने रकम,

(ख) सम्झौता बमोजिमको प्रस्तावको समयसारणी/समय सीमा अनुसार कार्य पूरा भएपछि खर्चको बील भरपाईको प्रमाणित प्रतिलिपी र अनुगमन प्रतिवेदनको आधारमा आवश्यकताको आधारमा थप पचास प्रतिशतसम्म रकम,

(ग) कार्य सम्पन्न प्रतिवेदन तथा खर्च सम्बन्धित कागजातका आधारमा बाँकी रकम।

(३) प्रस्तावकले निकासा भएको रकम अनुसन्धान प्रयोजनमा मात्र खर्च गर्नुपर्नेछ र यस्तो रकम भौतिक पूर्वाधार (सवारी साधन किन्न /घर/टहरा/अफिस निर्माण वा मर्मत), वैदेशिक भ्रमण गरी सम्मेलन, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमहरुमा सहभागि हुन तथा देशभित्र पनि सम्मेलन, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम आयोजना गर्न खर्च गर्न पाउने छैन।

(४) यस कार्यविधि कार्यान्वयनका क्रममा अनुसन्धानकर्ताको सुविधा तथा पारिश्रमिक प्रयोजनका लागि मन्त्रालयले उपलब्ध गराउने कुल अनुदान रकमको २०% भन्दा बढी खर्च गर्न पाइनेछैन।

(५) प्रस्तावकले मन्त्रालयसग सम्झौता गर्दाका बखत स्वीकृत भएको अनुसूची-४ बमोजिमको लागत अनुमान उपशीर्षकमा नबढ्ने गरी मात्र खर्च गर्नुपर्नेछ। खर्च भएमा सो को सोधभर्ना हुनेछैन।

(६) अनुसन्धानको संयुक्त प्रस्तावमा प्रमुख प्रस्तावक संस्थाले नै निकासा रकमबाट अन्य प्रस्तावकलाई भुक्तानीको व्यवस्था समेत मिलाउनुपर्नेछ।

(७)प्रस्तावक समूह भएको अवस्थामा प्रस्ताव स्वीकृत पश्चात मुख्य प्रस्तावक र उक्त समूहको अन्य एक वा सो भन्दा बढी सदस्य सहितको नाममा खोलिएको बैंक खातामा भुक्तानी हुनेछ ।

(८) अनुसन्धानसँग सम्बन्धित सबै स्रोत उल्लेख गर्दै साहित्यिक चोरी (प्लेजिरिजम) वा बौद्धिक चोरी नगरिएको स्व-घोषणा समेत पेश गर्नुपर्नेछ। स्व-घोषणा अनुसार कैफियत भेटिएमा सम्बन्धित प्रस्तावक नै जिम्मेवार हुने र कानुन अनुसार कारवाही हुनेछ।

१३. **अनुगमन गरिनेः** (१) यस कार्यविधि बमोजिम पहिलो चरणमा चालिस प्रतिशत रकम भुक्तानी भएपश्चात सोको प्रभावकारी उपयोग भए नभएको सम्बन्धमा विषयसँग सम्बन्धित विज्ञ सम्मिलित अनुगमन टोली गठन गरी मन्त्रालयबाट समय-समयमा अनुगमन गर्न सकिनेछ।

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(२) उपदफा (१) बमोजिमको अनुगमनको क्रममा दिइएका सुझाव पालना गर्नु सम्बन्धित प्रस्तावकको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम गठित टोलीले अनुगमनको क्रममा प्रस्तावकले पुर्वनिर्धारण गरेको सुचकहरुका आधारमा प्रगतिको मुल्यांकन गरी प्रतिवेदन पेश गर्नेछ ।

(४) अनुगमन गर्दा यस कार्यविधि र सम्झौता अनुसारको शर्तहरु पूरा नभएको पाइएमा मन्त्रालयबाट प्रदान भएको अनुदान रकम अनुगमन टोलीको सिफारिसको आधारमा प्रचलित कानून बमोजिम असुल उपर गरि कारवाही गरिनेछ र मन्त्रालयबाट प्रदान गरिने अनुदान कार्यक्रममा दुई वर्षसम्म भाग लिन पाउने छैन।

## परिच्छेद-७
## विविध

१४. <u>कार्यान्वयनको लागि लेखि पठाउन सकिने</u>: मन्त्रालयले अनुसन्धानको प्रगति, उपलब्धिका बारेमा सम्बन्धित निकायसँग छलफल गरी अनुसन्धानको विस्तृत प्रयोगका लागि उपयुक्त देखिएका सम्बन्धित निकायलाई कार्यान्वयनका लागि आवश्यक विवरण सहित लेखि पठाउन सक्नेछ।

१५. <u>सम्पर्क एकाइ रहने</u>: कार्यक्रम सञ्चालनको लागि मन्त्रालयको विज्ञान प्रविधि अनुसन्धान तथा नवप्रवर्तन महाशाखा सम्पर्क एकाइका रूपमा रहने छ।

१६. <u>सूचना प्रविधिको प्रयोग गर्न सकिने</u>: (१) मन्त्रालयले सूचना प्रविधिको प्रयोग गरी कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधिको प्रयोग गरी भएको कार्य यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

१७. <u>गुनासोसम्बन्धी व्यवस्था</u>: (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन, व्यवस्थापन, विषय विज्ञ तथा यससँग सम्बन्धित कुनै विषयमा कसैको गुनासो प्राप्त भएमा त्यस्तो विषयमा मन्त्रालयले उपसचिवस्तरको कर्मचारीको संयोजकत्वमा तीन जना सम्बन्धित क्षेत्रका विषय विज्ञ र एक जना अधिकृतस्तरको कर्मचारी सम्मिलित पाँच सदस्यीय समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले प्राप्त गुनासोउपर अध्ययन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा गुनासोमा उल्लेख भए बमोजिम भएको वा नभएको यकिनका साथ सिफारिस हुन आएमा सचिवले सिफारिसका विषयमा यथाशिघ्र निर्णय गरी सम्बन्धित प्रस्तावकलाई जानकारी गराउन लगाउनेछ।

१८. <u>बाधा अडकाउ फुकाउन सक्ने</u>: (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइ परेमा मन्त्रालयले आवश्यक बाधा अड्काउ फुकाउन सक्ने छ।

(२) उपदफा (१) बमोजिमको बाधा अड्काउ फुकाउन गरिएको निर्णयको जानकारी मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ।

नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

१९. <u>मन्त्रालयमा निहित हुने:</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि प्रस्ताव छनौटको सम्बन्धमा अन्तिम निर्णय मन्त्रालयको हुनेछ ।

२०. <u>प्रचलित कानुनबमोजिम हुने:</u> कार्यक्रम कार्यान्वयनको लागि यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

### प्राथमिकताका क्षेत्र

(क) सूचना प्रविधि / डिजिटल फाउण्डेशन
(ख) कृषि र खाद्य सुरक्षा
(ग) स्वास्थ्य
(घ) शिक्षा
(ङ) ऊर्जा
(च) पर्यटन
(छ) वित्त तथा प्राकृतिक स्रोत व्यवस्थापन
(ज) शहरी पूर्वाधार, प्रविधि विकास तथा विस्तार
(झ) जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
(ञ) उदयीमान प्रविधिहरू

अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकार

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

<u>प्रस्तावसम्बन्धी सूचना</u>

मिति २०८-।--।--

यस मन्त्रालयको आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम क्रियाकलाप नं. ...................... अन्तर्गतको विज्ञान, प्रविधि तथा नवप्रवर्तनका विविध विधामा मन्त्रालयले तोकेका प्राथमिकताका क्षेत्रमा अनुसन्धान अनुदान सहयोग कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम बमोजिम प्रतिस्पर्धामा सहभागी हुन चाहने संस्था वा समूहहरुले **विज्ञान, प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यान्वयन कार्यविधि, २०८३** बमोजिम १५ दिनभित्र कार्यविधिको अनुसूची-३ को ढाँचामा मन्त्रालयको अनलाइन पोर्टल www.data.mosti.gov.np मार्फत सबै आवश्यक प्रमाणित कागजात संलग्न गरी आवेदन दिनुहुन अनुरोध छ। उल्लिखित कार्यविधि यस मन्त्रालयको वेबसाइट www.mosti.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिएको छ।

नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरवार, काठमाडौं, नेपाल

अनुसूची-३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## प्रस्तावको ढाँचा

श्री विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः प्रस्ताव पेश गरेको सम्बन्धमा ।

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयले मिति ............... मा माग गरे बमोजिम म/हामीले सञ्चालन गर्ने देहाय बमोजिमको कार्यक्रम पेश गरेका छौंः-

### खण्ड कः प्रस्तावकको संक्षिप्त विवरण

१. प्रस्तावकको नामः

२. प्रस्तावको किसिमः (क) व्यक्तिगत ख) समूह (ग) संस्था (घ) समुदाय

३. ठेगानाः

४. सम्पर्क टेलिफोन नंः

५. ई-मेलः

६. प्रमुख सम्पर्क व्यक्तिको नाम, मोबाईल नं र ईमेलः

७. प्रस्तावकसँग आबद्ध अन्य निकाय वा संस्थाहरु भए सबै संस्थाको नाम, ठेगाना, र प्रत्येक संस्थाबाट एक व्यक्तिको सम्पर्क नंः-

८. प्रमुख प्रस्तावकको नाम (संस्थागत प्रस्तावक भए संस्थाको नाम र जिम्मेवार व्यक्तिको नाम समेत):

९. प्रस्तावकको प्रमुख व्यक्तिको हस्ताक्षरः

१०. प्रस्तावकको माथिल्लो निकाय भए सो को नाम र ठेगानाः

११. प्रस्तावको प्राथमिकता क्षेत्र

| अनुसूची १ बमोजिमका क्षेत्रहरु | चिन्ह (✓) लगाउनुहोस् |
|---|---|
| (क) सूचना प्रविधि / डिजिटल फाउण्डेशन | |
| (ख) कृषि र खाद्य सुरक्षा | |
| (ग) स्वास्थ्य | |
| (घ) शिक्षा | |
| (ङ) ऊर्जा | |
| (च) पर्यटन | |
| (छ) वित्त तथा प्राकृतिक स्रोत व्यवस्थापन | |

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| (ज) | शहरी पूर्वाधार, प्रविधि विकास तथा विस्तार | |
| (झ) | जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | |
| (ञ) | उदयीमान प्रविधिहरू | |
| (ट) | अन्य | |

**(अन्य अर्थात् अनुसूची-१ मा उल्लेख नभएको क्षेत्र भए सो समेत उल्लेख गर्नुहोस):**

१२. अनुसन्धान/नवप्रवर्तनको किसिम/मार्गः क. ख.

| मार्ग | किसिम | मार्गदर्शन |
|---|---|---|
| क | प्रविधि, उत्पादन तथा उद्यमशीलता नवप्रवर्तन | अनुसन्धान, प्रविधि विकास, उद्यमशीलता वा औपचारिक संस्थागत प्रक्रियाबाट विकसित भएको नवप्रवर्तन |
| ख | समुदायमा आधारित/ग्रासरुट तहबाट विकसित नवप्रवर्तन | व्यक्ति तथा समुदायबाट स्थानीय वा आदिवासी ज्ञान, स्थानीय स्रोतसाधन, अनुकूलन वा व्यावहारिक समस्या समाधानका माध्यमबाट विकसित भएको नवप्रवर्तन |

नोटः यदि कुन मार्ग उपयुक्त हो भन्नेमा निश्चित हुनुहुन्न भने, तपाईंलाई उपयुक्त लाग्ने मार्ग छनोट गर्नुहोस्। यी दुई मार्ग एकअर्काका लागि अनिवार्य रूपमा छुट्टाछुट्टै छैनन्। आवश्यकताअनुसार तपाईंको आवेदनलाई नवप्रवर्तनको प्रकृतिअनुसार उपयुक्त मार्गमा राख्न सकिन्छ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## खण्ड खः नवपप्रवर्तन अनुसन्धान प्रस्तावको विवरण

१. नवप्रवर्तन/ अनुसन्धान

१.१. नवप्रवर्तन/अनुसन्धानको शीर्षकः

*[स्पष्ट, संक्षिप्त र विषयवस्तु समेटिएको]*

१.२. समस्या, आवश्यकता वा अवसरको सम्बोधन

*[तपाईंको अनुसन्धान/नवप्रवर्तनले सम्बोधन गर्न खोजेको समस्या, आवश्यकता वा अवसरको संक्षिप्त विवरण दिनुहोस्। यो समस्या कसले भोगिरहेको छ?]*

१.२.१. समस्याको विवरण

१.२.२. अनुसन्धान/नवप्रवर्तनको आवश्यकता/औचित्यता

१.३. प्रस्तावित नवप्रवर्तनीय अनुसन्धान

*[तपाईंको प्रविधि, उत्पादन, सेवा, अभ्यास, विधि, अनुकूलन वा ज्ञान तथा स्रोतसाधनको प्रयोगमा के कारणले नयाँ, फरक वा उल्लेखनीय सुधार गरिएको छ?]*

१.४. प्रस्तावित अनुसन्धान/नवप्रवर्तनमा हालसम्मको अवस्था/प्रगति

*[हालसम्म तपाईंले के प्रयास गर्नुभिएको वा विकास गर्नुभएको छ भन्ने बताउनुहोस्। तपाईंको नवप्रवर्तनले काम गर्छ, मूल्य सिर्जना गर्छ वा यसको सम्भावना छ भन्ने देखाउने प्रमाण के छन्? जस्तैः नमूना (prototype), पाइलट कार्यक्रम, अनुसन्धान, परीक्षण, प्रयोगकर्ता, समुदायमा भएको स्वीकार्यता, प्राप्त प्रतिक्रिया, देखिएका परिणाम वा अन्य प्रमाणहरू]*

१.५. प्रस्तावित अनुसन्धान/नवप्रवर्तनको उपादेयता

*[तपाईंको नवप्रवर्तनबाट कसलाई लाभ हुन्छ र यसले कस्तो मूल्य सिर्जना गर्छ वा गर्ने सम्भावना छ? यसमा आर्थिक, सामाजिक, जीविकोपार्जन, वातावरणीय, सांस्कृतिक, प्राविधिक वा सामुदायिक मूल्य समावेश हुन सक्छ।]*

२. अनुसन्धान/नवप्रवर्तन क्रियाकलापगत कार्ययोजना

| मुख्य क्रियाकलाप | समयसीमा | जिम्मेवार व्यक्ति | प्रगति मापन सूचक | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

३. प्रस्तावित बजेट गतिविधि

३.१. प्राप्त सहयोगको उपयोग गरेर तपाईं के क्रियाकलाप गर्नुहुन्छ? *(सकेसम्म बिस्तृतमा लेख्नुहोस)*

| खर्च शीर्षक | समयसीमा | के गर्ने ? के प्रयोजन | अनुमानित लागत |
|---|---|---|---|
| | | | |
| | | | |

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

*[खर्चका उदाहरणहरूमा सामग्री, उपकरण, नमुना/प्रोटोटाइप विकास, परीक्षण, अनुसन्धान, तालिम, यातायात, प्रविधि वा नवप्रवर्तनको विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित अन्य खर्चहरू समावेश हुन सक्छन्।]*

३.२. **अन्य स्रोतबाट प्राप्त सहयोग वा सहकार्य (भएमा मात्र)**

३.२.१. प्राप्त सहयोग वा सहकार्यको विवरण

३.२.२. यो सहयोगले के कुरा प्राप्ति वा लक्ष्य हासिल गर्न मद्दत गर्नेछ? खुलाउनुहोस् ।

३.२.३. यो रकम/सहयोगबिना पनि तपाईं आफ्नो नवप्रवर्तनलाई निरन्तर विकास गर्न सक्षम हुनुहुनेछ?

४. **जनशक्ति (टिम) विवरण**

| जनशक्तिको किसिम | योग्यता | विशेषज्ञता | कैफियत |
|---|---|---|---|
| क) प्रमुख अनुसन्धानकर्ता | | | |
| ख) अन्य अनुसन्धानकर्ता | | | |
| ग) सहायक/सहयोगी जनशक्ति | | | |

५. **सहयोगी सामग्री**

*[अनिवार्य छैन तर तपाईंको अनुसन्धान/नवप्रवर्तनलाई अझ राम्रोसँग बुझ्न वा मद्दत गर्ने तपाईसँग उपलब्ध फोटो, भिडियो, प्रोटोटाइप, अनुसन्धान प्रश्नावली, अनुसन्धान नवप्रर्तन सम्बन्धी पूर्वस्वीकृति पत्र, वा अन्य सामग्रीका लिङ्कहरू तथा पूर्वकार्यको उद्दरण उपलब्ध गराउन सक्नुहुन्छ। तर "प्रविधि, उत्पादन तथा उद्यमशीलता नवप्रवर्तन" प्रकारमा आवेदन दिएको खण्डमा पूर्वअध्ययनको समिक्षा र सो को उद्दरण गर्नु राम्रो हुन्छ]*

मैले/हामीले माथि पेश गरेको सबै विवरणहरु सही छन्। यस प्रस्ताव बनाउँदा Generative AI प्रयोग गरिएको छैन। Generative AI प्रयोग गरी बनाइएको वा झुट्टा विवरण वा फरक रहेछ भने कानून बमोजिम सहुँला, बुझाउँला ।

**प्रमुख प्रस्तावक**

**दस्तखत**

**मिति**

**संस्थाको हकमा संस्थाको छाप**

नोटः यस कार्यविधि बमोजिम आवश्यक पर्ने कागजात पेश नगर्ने प्रस्तावकलाई आवश्यक कागजात पुन माग गर्न सक्नेछ। छनोट समितिले आवश्यक देखेमा मूल्याङ्कनको लागि स्थलगत निरीक्षण तथा थप कागजात माग गर्न सक्ने छ।

साथै, यो फारम भर्दा केही कठिनाई भएको खण्डमा सहजीकरणका लागि वेब पोर्टलमार्फत नै मन्त्रालयमा सम्पर्क गर्न समेत सकिनेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-४

(दफा ६ को खण्ड (घ) सँग सम्बन्धित)

**लागत अनुमानको खाका**

| *क्र.सं.* | *खर्च शीर्षक* | *एकाइ* | *शीर्षकको जम्मा परिमाण* | *शीर्षकको प्रति एकाइ दर* | *शीर्षकको जम्मा लागत* | *कैफियत* |
|---|---|---|---|---|---|---|
| १ | जनशक्तिको पारिश्रमिक | | | | | |
| २ | भ्रमण, यातायात खर्च, उपकरण भाडा, परीक्षण शुल्क, कन्ज्युमेवल्स्, रसायन, सफ्टवेयर लगायतका सोधभर्ना हुने खर्च | | | | | |
| ३ | ओभरहेड खर्च (पाँच प्रतिशत मा नबढ्नेगरी) | | | | | |
| | **जम्मा** | | | | | |

अक्षेरुपीः ..........................................................................................................

**नोटः** लागत अनुमानको खाकामा सम्भव भएसम्म प्रत्येक खर्च शिर्षक छुट्टाछुट्टै र अधिकतम विस्तृत विवरण सहित उल्लेख गर्नुपर्नेछ।

## अनुसूची-५
### (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**(क) मूल्याङ्कनको अङ्कभारका आधार- मार्ग A: प्रविधि, उत्पादन तथा उद्यम नवप्रवर्तन**

| *अनुसन्धान, प्रविधि विकास, उद्यमशीलता वा 'औपचारिक/संस्थागत प्रक्रियाबाट उत्पन्न नवप्रवर्तनहरू* | | *अधिकतम अङ्कभार* |
|---|---|---|
| सामाजिक, प्राविधिक, वातावरणीय वा अन्य कस्तो किसिमको समस्या/अवसरलाई सम्बोधन गरिएको छ? | **समस्याको परिमाण/व्यापकता:** समस्या कति व्यापक छ र कति व्यक्ति, संस्था, बजार वा प्रणालीलाई असर गर्छ? | ३ |
| | **समस्याको महत्त्व:** समस्या आर्थिक, सामाजिक, प्राविधिक, वातावरणीय वा अन्य दृष्टिले कति महत्त्वपूर्ण वा तत्काल सम्बोधन गर्नुपर्ने छ? | ४ |
| | **सम्बन्धित क्षेत्र/लक्षित समूहमा प्रभाव:** समस्या समाधान भएमा लक्षित प्रयोगकर्ता, क्षेत्र वा सरोकारवालामा कस्तो परिवर्तन आउन सक्छ? | ३ |
| प्रविधि, उत्पादन, प्रक्रिया वा सेवामा हाल अवस्था भन्दा के कस्तो नयाँ (उल्लेखनीय रूपमा) सुधार छ? | **नवीनता/मौलिकता:** प्रविधि, उत्पादन, प्रक्रिया वा सेवामा हालका समाधानभन्दा के कस्तो नौलोपन, मौलिकता वा फरक छ? | १० |
| | **सुधार वा भिन्नताको महत्त्व:** विद्यमान समाधानभन्दा यो नवप्रवर्तन कति उल्लेखनीय रूपमा राम्रो, प्रभावकारी, पहुँचयोग्य वा उपयोगी छ? | १० |
| | **समस्या र सन्दर्भसँगको उपयुक्तता:** प्रस्तावित नवप्रवर्तनले सम्बोधन गर्न खोजेको समस्या र लक्षित प्रयोगकर्ता/बजारको सन्दर्भसँग कत्तिको राम्रोसँग मेल खान्छ ? | ५ |
| नवप्रवर्तन उपयोगी छ, मूल्य सिर्जना गर्छ वा उल्लेखनीय सम्भावना राख्छ भन्ने कुरा के प्रमाणले देखाउँछ? उदाहरण: नमुना (प्रोटोटाइप), प्रयोगात्मक अनुसन्धानका नतिजा, परीक्षण, पाइलट, प्रयोगकर्ताको प्रतिक्रिया वा प्राविधिक प्रमाणीकरण। | **उपयोगिताको प्रमाण:** नमुना (Prototype), परीक्षण, प्रयोगात्मक अनुसन्धान वा अन्य प्रमाणका आधारमा प्रस्तावित नवप्रवर्तनले अपेक्षित रूपमा के कसरी काम गर्छ ? | ८ |
| | **प्रयोगकर्ता/बजारसम्बन्धी प्रमाण:** प्रयोगकर्ता प्रतिक्रिया, प्रयोग, बिक्री, बजार माग वा अन्य प्रमाणले नवप्रवर्तनको उपयोगिता वा माग कत्तिको देखाउँछ? | ७ |
| | **परिणाम/प्रमाणीकरण:** प्राप्त परिणाम, अनुसन्धान वा अन्य प्रमाणीकरणले नवप्रवर्तनको प्रभावकारिता, मूल्य वा सम्भावनालाई कत्तिको पुष्टि गर्छ? | १० |
| नवप्रवर्तनले कस्तो आर्थिक, सामाजिक, वातावरणीय, प्राविधिक | **आर्थिक मूल्य:** नवप्रवर्तनले के कति मात्रामा आम्दानी, लागत बचत (Cost Savings), उत्पादकत्व, बजार अवसर वा अन्य आर्थिक मूल्य सिर्जना गर्छ? | ७ |

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| वा अन्य मूल्य सिर्जना गर्छ वा गर्न सक्ने सम्भावना राख्छ? | **सामाजिक/वातावरणीय/प्राविधिक मूल्यः** प्रस्ताव/नवप्रवर्तनले के कति मात्रामा सामाजिक, वातावरणीय, प्राविधिक वा अन्य सकारात्मक मूल्य सिर्जना गर्छ? | ७ |
| | **प्रयोगकर्ता/सरोकारवालाका लागि मूल्यः** प्रस्ताव/नवप्रवर्तनले लक्षित प्रयोगकर्ता, ग्राहक, संस्था वा अन्य सरोकारवालाको आवश्यकता वा समस्या कत्तिको सम्बोधन गर्छ? | ६ |
| विस्तार, व्यावसायीकरण, अवलम्बन, पुनःप्रयोग वा व्यापक प्रयोगको सम्भावना तथा थप विकासको सम्भाव्यता। | **विस्तार तथा अवलम्बनको सम्भावनाः** प्रस्ताव/नवप्रवर्तनलाई अन्य प्रयोगकर्ता, बजार, संस्था वा क्षेत्रमा विस्तार वा अवलम्बन गर्न कत्तिको सम्भवना छ? | ७ |
| | **पुनःप्रयोग तथा व्यापक प्रयोगको सम्भावनाः** प्रस्ताव/नवप्रवर्तनलाई अन्य सन्दर्भमा दोहोऱ्याउन, अनुकुलन गर्न वा व्यापक रूपमा प्रयोग गर्न कत्तिको सम्भव छ? | ५ |
| | **व्यावसायीकरण तथा दिगोपनः** नवप्रवर्तनलाई दीर्घकालीन रूपमा आर्थिक रूपमा दिगो वा व्यावसायिक रूपमा विकास गर्न कत्तिको सम्भव छ? | ५ |
| | **थप विकासको सम्भाव्यताः** थप अनुसन्धान, सुधार, परीक्षण वा विकासमार्फत नवप्रवर्तनलाई अझ प्रभावकारी बनाउन कत्तिको सम्भावना छ? | ३ |

### (ख) मूल्याङ्कनको अङ्कभारको विस्तृत आधार - मार्ग B: Grassroots नवप्रवर्तन

| *मुख्यतः स्थानीय तथा रैथाने ज्ञान र स्रोत, अनुकूलन तथा व्यावहारिक/प्रयोगात्मक समस्या समाधानमा आधारित व्यक्ति तथा/वा समुदायबाट उत्पन्न नवप्रवर्तनहरू।* | | *अधिकतम अङ्क* |
|---|---|---|
| स्थानीय, समुदायगत, वातावरणीय वा जीविकोपार्जनसम्बन्धी व्यावहारिक समस्याको के कसरी सम्बोधन गरिएको छ? | **परिमाण/व्यापकताः** समस्या र यसको प्रभाव कति व्यापक छ ? | ३ |
| | **समस्याको महत्त्व/तात्कालिकताः** समस्या समुदाय, जीविकोपार्जन, वातावरण, संस्कृति वा दैनिक जीवनका लागि कति महत्त्वपूर्ण वा तत्काल सम्बोधन गर्नुपर्ने छ? | ४ |
| | **समुदाय/जीविकोपार्जनमा प्रभावः** समस्या समाधान भएमा समुदाय, परिवार, जीविकोपार्जन वा अन्य प्रभावित समूहमा कस्तो परिवर्तन आउन सक्छ? | ३ |
| अभ्यास, विधि, अनुकूलन, ज्ञानको प्रयोग वा स्थानीय स्रोतको उपयोगमा के कस्तो नयाँपन (उल्लेखनीय रूपमा सुधारिएको) छ? | **सन्दर्भगत नवीनता/मौलिकताः** स्थानीय वा सामुदायिक सन्दर्भमा यो अभ्यास, विधि वा समाधानमा के कस्तो नयाँपन, मौलिक वा फरक छ? | १० |
| | **अनुकूलन तथा ज्ञान/स्रोतको सिर्जनात्मक प्रयोगः** स्थानीय वा आदिवासी ज्ञान, सीप, सामग्री वा स्रोतलाई कत्तिको सिर्जनात्मक र प्रभावकारी रूपमा प्रयोग वा अनुकूलन गरिएको छ? | १० |

नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | **समस्या र सन्दर्भसँगको उपयुक्तता:** नवप्रवर्तनले स्थानीय आवश्यकता, परिस्थिति र उपलब्ध स्रोतसँग कत्तिको मेल खान्छ? | ५ |
| नवप्रवर्तन उपयोगी छ वा मूल्य सिर्जना गर्छ भन्ने के कुराले देखाउँछ? उदाहरणका लागि, प्रदर्शन गरिएको प्रयोग, समुदायले अपनाएको अवस्था, देखिएका नतिजा, प्रयोगकर्ताको अनुभव वा प्रमाणका अन्य रूपहरू समावेश हुन सक्छन्। | **प्रयोग तथा अवलम्बनको प्रमाण:** प्रस्ताव/नवप्रवर्तन व्यवहारमा प्रयोग भएको वा समुदाय/प्रयोगकर्ताले अपनाएको प्रमाण कत्तिको छ? | ८ |
| | **देखिएका परिणाम/लाभ:** प्रस्ताव/नवप्रवर्तनले सामाजिक, जीविकोपार्जनसम्बन्धी, सामुदायिक, सांस्कृतिक वा वातावरणीय परिणाम/लाभ कत्तिको सिर्जना गरेको छ? | १० |
| | **प्रयोगकर्ता/समुदायको अनुभव:** प्रयोगकर्ता वा समुदायको अनुभव, प्रतिक्रिया, स्थानीय दस्तावेज वा अन्य प्रमाणले नवप्रवर्तनको प्रभावकारितालाई कत्तिको पुष्टि गर्छ? | ७ |
| नवप्रवर्तनले कस्तो सामाजिक, आर्थिक, जीविकोपार्जनसम्बन्धी, सांस्कृतिक वा सामुदायिक मूल्य सिर्जना गर्छ वा गर्न सक्ने सम्भावना राख्छ? | **सामाजिक/सामुदायिक मूल्य:** प्रस्ताव/नवप्रवर्तनले समुदायको जीवनस्तर, समावेशिता, सामाजिक सम्बन्ध वा अन्य सामाजिक मूल्यमा कस्तो योगदान गर्छ? | ७ |
| | **जीविकोपार्जन/आर्थिक मूल्य:** प्रस्ताव/नवप्रवर्तनले आम्दानी, रोजगारी, लागत बचत, उत्पादकत्व वा जीविकोपार्जनमा कस्तो योगदान गर्छ? | ७ |
| | **सांस्कृतिक/वातावरणीय/अन्य मूल्य:** स्थानीय संस्कृति, ज्ञान, वातावरण वा अन्य महत्त्वपूर्ण मूल्यको संरक्षण वा प्रवर्द्धनमा कस्तो योगदान गर्छ? | ६ |
| अनुकूलन, प्रसार, सामुदायिक लाभ, प्रविधिगत स्तरोन्नति, व्यावसायीकरण तथा थप विकासको सम्भावना | **अनुकूलनको सम्भावना:** प्रस्ताव/नवप्रवर्तनलाई अन्य समुदाय वा सन्दर्भमा दोहोर्याउन वा स्थानीय आवश्यकता अनुसार अनुकूलन गर्न कत्तिको सम्भव छ? | ७ |
| | **प्रसार तथा सामुदायिक लाभको सम्भावना:** प्रस्ताव/नवप्रवर्तन थप व्यक्ति वा समुदायमा फैलिन र व्यापक सामुदायिक लाभ सिर्जना गर्न कत्तिको सम्भव छ? | ५ |
| | **दिगोपन तथा आर्थिक सम्भाव्यता:** नवप्रवर्तनलाई दीर्घकालीन रूपमा कायम राख्न, विस्तार गर्न वा आवश्यक परे आर्थिक/व्यावसायिक रूपमा विकास गर्न कत्तिको सम्भव छ? | ५ |
| | **थप विकासको सम्भाव्यता:** थप सुधार, प्रविधिगत स्तरोन्नति, ज्ञानको विकास वा अन्य माध्यमबाट नवप्रवर्तनलाई अझ प्रभावकारी बनाउन कत्तिको सम्भावना छ? | ३ |

नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-६

## सम्झौताको ढाँचा

**नेपाल सरकार**

**विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय**

**र**

**.......................................(अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्य गर्ने निकाय वा समूह) बीच**

**..........सँग सम्बन्धित कार्यको लागि अनुदान सम्झौता**

नेपाल सरकार, **विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय** (जसलाई यसपछि "पहिलो पक्ष" भनिने छ), र .........................(अनुसन्धान गर्ने निकाय वा समूह) (जसलाई यसपछि "दोश्रो पक्ष" भनिने छ) बीच विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम ........... क्षेत्रमा .......................................... शीर्षकको अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्य गर्नका लागि देहायको शर्तहरु पालना गर्ने गरी सम्झौता भई सोको एक एक प्रति लियौं/दियौं।

<u>सम्झौताका बुदाँहरु:</u>

(१) पहिलो पक्षले दोस्रो पक्षलाई प्रस्तावमा उल्लेख भएका सबै उद्देश्य र परिणाम बमोजिमका कार्यहरु सम्पन्न गर्न रु. .......................... अनुदान सहयोग तीन किस्तामा दोस्रो पक्षको वैंक खातामा नियमानुसार उपलब्ध गराउनेछ ।

(२) पहिलो पक्षले दोस्रो पक्षलाई सम्झौता भई कार्य प्रारम्भ भएको विवरण (Inception Report) प्राप्त भएको १५ दिनभित्र सम्झौताको ४०% ले हुने रकम, सम्झौता बमोजिमको प्रस्तावको समयसारणी/समय सीमा अनुसार कार्य पूरा भएपछि खर्चको बील भरपाईको प्रमाणित प्रतिलिपि र अनुगमन प्रतिवेदनको आधारमा आवश्यकताको आधारमा थप पचास प्रतिशतसम्म रकम र कार्य सम्पन्न प्रतिवेदन तथा खर्च सम्बन्धित कागजात (प्रमाणित प्रतिलिपि)का आधारमा बाँकी रकम उपलब्ध गराउनेछ ।

(३) दोश्रो पक्षले पहिलो पक्षलाई प्रस्तावमा उल्लेख भएका सबै कामहरु सम्पन्न गरी यस आर्थिक वर्षको जेष्ठ १५ भित्र अनुसूची- ७ बमोजिमको ढाँचामा अन्तिम प्रतिवेदनको सफ्ट कपी र हार्ड कपी २ प्रति पेश गर्नुपर्नेछ।

(४) दोस्रो पक्षले अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्य गर्दा कार्यविधि र प्रचलित कानून बमोजिम खर्च गर्नुपर्नेछ ।

(५) दोस्रो पक्षको कार्यको अनुगमन गर्दा कार्यविधि र सम्झौता अनुसारको शर्तहरु पूरा नभएको पाइएमा अनुगमन टोलीको सिफारिसको आधारमा पहिलो पक्षले प्रदान गरेको अनुदान रकम प्रचलित कानून बमोजिम असूल उपर गरी कारवाही गरिनेछ र मन्त्रालयबाट प्रदान गरिने अनुदान कार्यक्रममा दुइ वर्ष सम्म भाग लिन पाउने छैन ।



नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(६) दोस्रो पक्षले प्राप्त गरेको अनुदान रकमको प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी सोको प्रतिवेदन पहिलो पक्षलाई बुझाउनुपर्नेछ ।

(७) अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्यबाट प्राप्त बौद्धिक सम्पत्तिको उपयोग गर्दा एक पक्षले अर्को पक्षको सहमति अनिवार्य लिनुपर्नेछ ।

(८) दोस्रो पक्षले अन्तिम प्रतिवेदनका साथ सबै स्रोत उल्लेख गर्दै साहित्यिक चोरी प्लेजिरिजम नगरिएको स्वघोषणा समेत पेश गर्नुपर्नेछ ।

(१०) यो सम्झौता भएको मितिबाट नै पहिलो पक्षले दोस्रो पक्षलाई कार्यादेश जारी गरेको मानिनेछ ।

(११) अन्य विषय कार्यविधि अनुसार गर्नुपर्नेछ।

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको तर्फबाट

.............................................

महाशाखा प्रमुख

विज्ञान प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन महाशाखा

अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्य गर्ने निकाय वा समूहको तर्फबाट

.............................................

कार्यकारी प्रमुख

रोहवरः

१. लेखा प्रमुख, आर्थिक प्रशासन शाखा

२. शाखा प्रमुख, वैज्ञानिक अनुसन्धान शाखा

रोहवरः

१. लेखा हेर्ने पदाधिकारी

२. प्रमुख अनुसन्धानकर्ता

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची -७

(दफा १० को खण्ड (घ) सँग सम्बन्धित)

**प्रतिवेदनको खाका**

अन्तिम प्रतिवेदन तयार गर्दा देहायको ढाँचा बमोजिम तयार गर्नुपर्नेछः-

### (क) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित अध्ययन अनुसन्धानको प्रतिवेदनको ढाँचा

(प्रतिवेदन अङ्ग्रेजी/नेपाली मध्ये कुनै एक भाषामा सरल र बुझ्ने तरिकाले स्पष्ट र आवश्यकता अनुसार बिस्तृत रूपमा लेखिएको हुनु पर्नेछ, Generative AI प्रयोग गरी बनाइएको प्रतिवेदन मान्य हुनेछैन)

१. नवप्रवर्तन/अनुसन्धानको संक्षिप्त विवरण
२. प्रस्तावित लक्ष्य तथा उद्देश्य
३. प्रस्तावअनुसारको प्रगति तथा उपलब्धि
४. प्राप्त परिणाम तथा प्रभाव
५. नवप्रवर्तनको विकास तथा प्रयोगको अवस्था
६. प्रमुख चुनौती तथा सिकाइ
७. थप विकास तथा विस्तारको सम्भावना
८. वित्तीय विवरण
९. निष्कर्ष
१०. अनुसूची तथा सम्बन्धित प्रमाणहरू

### (ख) ग्रास रुट तहको अध्ययन अनुसन्धान प्रतिवेदनको ढाँचा

(प्रतिवेदन अङ्ग्रेजी/नेपाली मध्ये कुनै एक भाषामा सरल र बुझ्ने तरिकाले लेखिएको हुनुपर्नेछ, Generative AI प्रयोग गरी बनाइएको प्रतिवेदन मान्य हुनेछैन)। ग्रास रुट मार्ग अनुसारको अध्ययनको अन्तिम प्रतिवेदन अधिकतम १५ पेजसम्मको हुन सक्नेछ।

१. नवप्रवर्तन/अनुसन्धानको संक्षिप्त विवरण
२. प्रस्तावित लक्ष्य तथा उद्देश्य
३. प्रस्तावअनुसारको प्रगति तथा उपलब्धि
४. प्राप्त परिणाम तथा प्रभाव
५. नवप्रवर्तनको विकास तथा प्रयोगको अवस्था
६. प्रमुख चुनौती तथा सिकाइ
७. थप विकास तथा विस्तारको सम्भावना
८. वित्तीय विवरण
९. निष्कर्ष
१०. अनुसूची तथा सम्बन्धित प्रमाणहरू

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल